# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०६८/०६९–१०
चलानी नं. : ९९

CDS and Clearing Ltd.

## प्रेश विज्ञप्ती

धितोपत्र बजारको थप विकास एवं व्यवस्थित गर्न धितोपत्र कारोबार विद्युतीय रुपमा अभिलेख राखि प्रमाणपत्र रहित कारोबार प्रणाली सहज गर्ने उद्देश्यले **धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८** मिति २०६८/१०/१ गते देखि लागू भएको छ ।

यस स्विकृत विनियमावली लागू भए पश्चात धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ अनुसार योग्यता पुगेका स्वीकृत कम्पनीहरु निक्षेप सदस्य, निष्काशनकर्ता, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिहरु तथा स्टक एक्सचेन्ज र राफसाफ निकायहरु बीच सिडिएससिको विद्युतीय संचार सन्जालसँग आबद्ध भई आधुनिक शेयर कारोबारको स्थापना तथा संचालन गर्न सहज भएको छ । विनियमावलीले केन्द्रीय निक्षेप प्रणालीबाट  सरोकारवाला निकाय दलाल व्यवसायी, बैंक, वित्त संस्था तथा लगानी कर्ताहरुलाई विद्यमान कारोबार प्रणालीमा थप सरल, सहज, चुस्त तथा प्रभावकारी हुने गई विशेष गरी लगानी कर्ता व्यक्ति, संस्थाहरुलाई बजारबाट तुरुन्त प्राप्त हुने लाभ लिन सक्षम हुन सक्नेछन् ।

धितोपत्र कारोबारमा संलग्न हुने लगानीकर्ताहरुलाई निक्षेप प्रणालीमा हितग्राही (लगानी कर्ता) को रुपमा खाता खोली आवद्ध भए पश्चात कारोबार गर्दा धितोपत्रहरुको स्वामित्व तथा हस्तान्तरण विद्युतीय रुपमा संचित हुने र प्रमाणपत्र रहित कारोबार हुने भएकाले विद्यमानमा रहेको कागजी झन्झट र जोखिमबाट पूर्णतया मुक्त भई आधुनिक शेयर बजारमा सहभागी हुन अवसर प्रदान गरेको छ । विद्युतीय संजाल मार्फत् खरिद गरी राखेको धितोपत्रले प्राप्त गर्ने गैर-मौद्रिक लाभहरु जस्तै : हकप्रद, लाभांश आदि प्राप्त गर्ने जस्ता कार्यहरु विद्युतीय रुपमा संचित हुन सक्नेछन् ।

धितोपत्र बजारमा सूचीकृत भएका तथा विद्युतीय माध्यमबाट केन्द्रीय निक्षेप सेवाका लागि निक्षेप गरेका धितोपत्र वा अन्य उपकरणहरु हितग्राहीले सिडिएससिमा खोलेको अभौतिक खातामा संचित हुने भएकोले खरिद बिक्री भएको धितोपत्रको कानूनी तवरले स्वामित्वमा लिन वा हस्तान्तरण गर्न वर्तमान व्यवस्था अनुसार सम्बन्धित कम्पनी समक्ष पठाई रहन आवश्यक नहुने भएकोले आफूले चाहेको बेला तुरुन्ता तुरुन्तै कारोबार भएकै समय खरिद बिक्री गर्न सकिने अवसर प्राप्त भएको छ ।

सिडिएससिसँग निष्काशनकर्ता विद्युतीय संजालमा आबद्ध हुने भएकोले प्राथमिक निष्काशन (आईपिओ) द्वारा बिक्री भई वितरण भएको शेयर प्राप्त गर्न खाता खोल्ने हितग्राहीले बिना कुनै झन्झट विद्युतीय संजालबाट प्राप्त भएको शेयर जम्मा हुन सक्ने साथै यसबाट लगानी कर्ताले प्रमाणपत्र प्राप्त गर्न प्रतिक्षा गर्न कुनै प्रकारको कष्ट व्यहोर्ने नपर्ने भएको छ ।

विनियमावलीमा भएको व्यवस्था अनुरुप शेयर, डिबेन्चर, ऋणपत्र, स्टक तथा अन्य उपकरणको धितोपत्र जिम्मामा लिई ती धितोपत्रको अभिलेख विद्युतीय रुपमा राखि प्रमाणपत्र रहित कारोबार प्रणालीमा राख्दा विद्युतीय रुपमा नै धितोपत्रहरुको फछ्र्यौट तथा राफसाफ सेवा प्राप्त हुने, प्रमाणपत्रहरु नष्ट हुने, चोरिने, क्षति हुने, नक्कली प्रमाणपत्र जस्तो समस्याहरुको निराकरण हुने, विद्युतीय स्रेस्ता प्रणाली मार्फत् धितोपत्रहरुको हस्तान्तरण हुन सक्ने, जोखिमको दायरामा अत्याधिक कमि हुने, पूँजीबजार सम्बन्धी सूचना

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Limited

पत्र संख्या : २०६८/०६९–१०
चलानी नं. : ६६

प्रविधिको दायरा बढि यसमा योगदान पुग्ने, धितोपत्रहरुको द्रुत नामसारी हुँदा तरलतामा विकास हुने, लगानी कर्ताहरु र सरोकारवाला संस्थाहरु बीच सौहार्दपूर्ण सम्बन्धको विकास हुने यसका प्रमुख विशेषताहरु रहेका छन् ।

सिडिएससि कम्पनीबाट अनुमति प्राप्त व्यवसायीहरुको निक्षेप सेवा सम्बन्धी कारोबार गर्दा लगानी कर्ताहरुलाई विनियमले तोकेको सेवा, सुविधा सम्बन्धमा निरीक्षण तथा अनुगमनको समुचित व्यवस्था समेत गरेकाले पूँजीबजारको विकासमा कोशे ढुङ्गाको रुपमा संचालन हुन लागेको केन्द्रीय निक्षेप सेवा प्रणालीमा बढि भन्दा बढि लगानी कर्ता सरोकारवाला सम्पूर्ण निकायहरुलाई आवद्ध हुन यसै विज्ञप्तीद्वारा हार्दिक अपिल गर्दछ ।

मिति : २०६८/१०/४

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 4101593
Website: http://www.cdscnp.com